# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असोज १४ गते २०६४ साल (अतिरिक्ताङ्क ३८(ग

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. भन्सार दरबन्दीको भाग २३, २८ र २९ मा पर्ने फिड सप्लिमेन्टको कच्चा पदार्थमा मूल्य अभिबृद्धि कर पूर्ण छूट दिने

२. भन्सार दरबन्दीको उपशीर्षक २५१७.१०.३० मा पर्ने टुक्राइएका वा नटुक्राईएका ढुङ्गाहरु र बालुवाको मिश्रण, छर्राको निकासी महसुल रू. १४०।- कायम गर्ने ।

३. अनुसूची ४ को खण्ड (ग) विविधको सि न. ७ अनुसार सहकारी संस्थाहरुले आफ्ना सदस्यहरु बीच ऋण प्रवाह गर्दा राखिने धितो वा दृष्टिबन्धक लिखतमा रु. दुई लाखसम्मको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिई आएकोमा अबदेखि जतिसुकै रकमको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।